द.नं. ४०८/०६५/६६
जि.प्र.का. काठमाडौं ।

# न्यायपालिका अधिकृत समाज
# JUDICIAL OFFICER'S SOCIETY

**तदर्थ समिति**

अध्यक्ष
श्री बाबुराम दाहाल
९८५१०८४४१०

उपाध्यक्ष
श्री मुना अधिकारी ढकाल
९८४१३२२८००

महासचिव
श्री अशोककुमार क्षेत्री
९८४१३५७७१४

सचिव
श्री विष्णुप्रसाद पाण्डेय
९८५११५६७२०

कोषाध्यक्ष
श्री श्रीदीप बाग्ले
९८५५०८०१००

सदस्यहरू:
श्री तारादत्त बडु
९८४८७३५९७१
श्री भेषराज कोइराला
९८४१३२४५९९
कालीबहादुर साम्प्रू लिम्बु
९८४१०९३७५८
श्री संजीव ढकाल
९८४९७८३४५६
श्री रेवतीप्रसाद पराजुली
९८४१५११६४८
श्री पुष्पराज तिमल्सिना
९८५१०३८१७५
श्री दुर्गादत्त लम्साल
९८४१५७५७३१
श्री कुसुम थापा
९८६०५४१८८८

## न्याय परिषद् नियमावली, २०७४ (पहिलो संशोधन, २०८०) को सम्बन्धमा समाधान निकाल्न गठन भएको कार्यदल समक्ष पेश भएको ज्ञापनपत्र

नेपालको संविधानको धारा १२६(२) ले मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नुपर्ने व्यवस्था गरेको छ। कानूनको शासन, संवैधानिक सर्वोच्चता र कानूनी अनविज्ञता क्षम्य नहुने मान्य सिद्दान्तसमेतका आधारमा कानूनी प्रश्नमा प्रक्रियागत समाधान खोज्नुले नै पद्दतिको विकासमा योगदान पुग्छ र अनपेक्षित अराजकतासमेत निषेध गर्दछ। यसो हुन नसक्दा दोषारोपण, अविश्वास र निरासाको वावातरण पैदा हुन जान्छ र प्रस्तुत विषय यसैको जरिया बनेको छ।

स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायपालिका तथा कानूनी राज्य निर्माणमा न्यायपालिकाको भूमिका विश्वव्यापीरूपमा स्थापित रहको सन्दर्भ र हाम्रो देशको न्यायालयले पनि मुलुकको सर्वाङ्गीण विकास र विधिको शासनसहितका नागरिकका हक अधिकारका वहुआमायिक विषयका विधिशास्त्रीय उन्नयनमा खेलेको भूमिका स्मरणीय छ। खासगरी वेञ्च (न्यायाधीश) को अभिन्न अंगको रूपमा कार्यरत न्यायिक कर्मचारी र बारको इमानदार, व्यवसायिक र सार्थक योगदानवाट मात्र समग्र न्यायपालिकाको साख कायम राख्दै जनआस्था आर्जन गर्नुपर्ने र यसमा अग्रज माननीय न्यायाधीश, कानुन व्यवसायी र कर्मचारीले निरन्तर गरेको आपसी विश्वास, सहकार्य, सम्मानपूर्वक संचालित गौरवपूर्ण न्यायिक इतिहासको स्मरण गर्दै हामी सबै एउटै डुङ्गामा रहेको यथार्थ हाम्रा सामु छ।

अदालतमा न्यायाधीशको मान्यता विशेष हुन्छ र हुनुपर्दछ। "A Judge is someone more than Human" देवता सरह मानिएको मर्यादित र धर्माधिकारी अर्थात न्यायाधीशको पृष्ठभूमिमा सामान्यतया योग्यतामा आधारित उम्दा कर्मचारी

रामशाहपथ, काठमाडौं, फोन नं. ..................., फ्याक्स नं. ....................., Email: judicial.officerssociety@gmail.com

द.नं. ४०८/०६५/६६
जि.प्र.का. काठमाडौं ।

# न्यायपालिका अधिकृत समाज
# JUDICIAL OFFICER'S SOCIETY

तदर्थ समिति

अध्यक्ष
श्री बाबुराम दाहाल
९८५१०८४४१०

उपाध्यक्ष
श्री मुना अधिकारी ढकाल
९८४१३२२८००

महासचिव
श्री अशोककुमार क्षेत्री
९८४१३५७७१४

सचिव
श्री विष्णुप्रसाद पाण्डेय
९८५११५६७२०

कोषाध्यक्ष
श्री श्रीदीप वाग्ले
९८५५०८०१००

सदस्यहरू:
श्री तारादत्त बडु
९८४८७३५९७१
श्री भेषराज कोइराला
९८४१३२४५९९
कालीबहादुर साम्पू लिम्बु
९८४१०९३७५८
श्री संजीव ढकाल
९८४९७८३४५६
श्री रेवतीप्रसाद पराजुली
९८४१५११६४८
श्री पुण्यराज तिमल्सिना
९८५१०३८१७५
श्री दुर्गादत्त लम्साल
९८४१५७५७३१
श्री कुसुम थापा
९८६०५४१८८८

र क्षमतावान कानून व्यवसायी एवम् कानुनविद प्राथमिकतामा रहेको अभ्यास सहितको हाम्रो मौलिक कानूनी प्रणाली हो । न्यायिक कर्मचारी कानून विषयको अध्ययन, अध्यापन र पेशाको रोजाई हुने कानूनी शिक्षापद्दति अनुकुल विद्यालय देखि विश्वविद्यालय हुँदै लोकसेवा आयोग तथा कानून व्यवसायी परिषदले लिने जाँचहरूमा समेत उत्कृष्टता पस्कदै कानूनको नवोदित नक्षत्र उत्कृष्ट अग्रजलाई आदर्श मानी सिको गर्दै न्यायपालिकामा प्रवेश गरेको हुन्छ।

अदालतमा मुद्दा दर्ता देखि सेवाग्राहीका सबै सरोकारको संवोधन फैसला तयारी एवम र सो को कार्यान्वयनसम्मका दैनिक काममा अविचलित न्यायिक काम कारवाहीमा प्रत्यक्ष संलग्न रही आएका हामी कर्मचारीले संविधानले नै समयसमेत किटान गरी संविधानको धारा १२९ को उपधारा ५ वमोजिम १२ वर्ष पुगेको न्यायसेवा वा सो माथिको पदमा रहेको अधिकृतहरु सर्वोच्च अदालतमा नियुक्त हुने संवैधानिक प्रवन्ध गरेतापनि हालसम्म सर्वोच्च अदालतको न्यायाधीश पदमा कर्मचारीबाट नियुक्त नगरिनु र न्याय परिषद नियमावली, २०७४ को संशोधनको विषयलाई लिएर नेपाल वार एशोसिएसन जस्तो कानूनी शासनको पहरेदार रहेको जिम्मेवार निकायले संवैधानिक मर्यादा र समग्र न्यायिक प्रक्रियाबाट समाधान खोज्ने र सहअस्तित्वको पैरवी गरी आवश्यकता अनुसार नेतृत्वदायी अभिभावकीय भूमिका निर्वाह गर्नुपर्नेमा विडम्वनापूर्ण ढंगले कर्मचारीप्रति पूर्वाग्रह राखी वेञ्चको वृहतअर्थलाई न्यायाधीशमा सिमित गर्दै न्याय परिषद नियमावली, २०७४ संशोधनमा वास्ता नगरेका व्यवसायिक कानून व्यवसायीलाईसमेत प्रभाव पार्नेगरी गरेको विषय उठानको तौरतरिकाले हाम्रा स्वभाविक सहअस्तित्वको गौरवपुर्ण इतिहासबाट अलग हुनु, संवैधानिक र कानूनी प्रकृयावाट समाधान हुनुपर्ने विषयहरु समेत इजलासवाहिरै खोज्न प्रेरित गर्नु र सबै सरोकारवालाको उर्जावान समय आवश्यक्ताको सिद्धान्त वमोजिम गर्न वाध्य तुल्याउनु जस्ता कार्यले हामीलाई स्तब्ध बनाएको छ।

रामशाहपथ, काठमाडौं, फोन नं. ......................, फ्याक्स नं. ......................, Email: judicial.officerssociety@gmail.com

द.नं. ४०८/०६५/६६
जि.प्र.का. काठमाडौं।

न्यायपालिका अधिकृत समाज
JUDICIAL OFFICER'S SOCIETY
२०६५

तदर्थ समिति

अध्यक्ष
श्री बाबुराम दाहाल
९८५१०८४४१०

उपाध्यक्ष
श्री मुना अधिकारी ढकाल
९८४१३२२८००

महासचिव
श्री अशोककुमार क्षेत्री
९८४१३५७७१४

सचिव
श्री विष्णुप्रसाद पाण्डेय
९८५११५६७२०

कोषाध्यक्ष
श्री श्रीदीप वाग्ले
९८५५०८०१००

सदस्यहरू:
श्री तारादत्त बडु
९८४८७३५९७१
श्री भेषराज कोइराला
९८४१३२४५९९
कालीबहादुर साम्प्य लिम्बु
९८४१०९३७५८
श्री संजीव ढकाल
९८४९७८३४५६
श्री रेवतीप्रसाद पराजुली
९८४१५११६४८
श्री पुण्यराज तिमल्सिना
९८५१०३८१७५
श्री दुर्गादत्त लम्साल
९८४१५७५७३१
श्री कुसुम थापा
९८६०५४१८८८

नेपालको संविधानको धारा १४१(३) को सन्दर्भ प्रतिवन्धात्मक वाक्यांशबाट नहेरी हुँदैन। यद्यपि अन्तिम व्याख्याका लागि संविधानको धारा १३३(१) र धारा १३७ यथेष्ठ रहेको छ। कानूनको व्याख्या गर्ने अधिकार अदालतमा निहित रहेको सारभूत विषय, संविधानवाद र संवैधानिक सर्वोच्चता कायम गर्ने संविधानको संरक्षक सर्वोच्च अदालत सक्षम रहेको र न्यायिक व्यवस्थापनका शासकीय प्रवन्ध संवैधानिक एवं कानूनी वाहेकका कार्यबाट मुलुकको न्यायालय व्यवस्थापन गर्ने जुनसुकै धृष्टता स्वीकार्य हुदैन र हाम्रा क्रियाकलापहरू पनि कानूनसम्मत रहने कुरामा सचेष्ठ रहदैं न्याय परिषद नियमावली, २०७४ को संशोधन उपर प्रयोग भैरहेका असंवैधानिक र गैर कानूनी भाषा, शब्द, आशय प्रति हाम्रो गम्भिर असहमति रहेको छ।

न्याय परिषद नियमावली, २०७४ को संशोधनले हाम्रा अग्रज क्याडर न्यायाधीशको वृतिविकासमा सारभूत सम्वोधन गरी सकारात्मक प्रभाव पारेको वा निजामती कर्मचारी वृतमा साविकको मर्यादामा थप बढोत्तरी गरेको अनुभूति गर्न नसकिएतापनि कानूनी मर्यादाको पालना गर्न सर्वोच्च अदालतबाट अन्तिम भई वसेको विषयका विरुद्ध नेपाल वार एशोसिएसन जस्तो कानूनको शासनको प्रवर्द्धन गर्ने निकायले धारणा सार्वजनिक गर्नु शोभनीय हुँदैन।

नेतृत्वको प्रतिवद्दता र संस्थागत लक्ष्यलाई जीवन्त राख्दै न्यायिक सुधारहरुको समग्र विधालाई कार्यन्वयन गर्नुपर्ने र जश-अपजशको जिम्मेवारी लिने न्याय प्रशासनको संरचना, संयन्त्र र पदसोपान नयाँ विषय थिएन। यसमा अपेक्षाकृत व्यवसायिक एवम निर्मम हुनुपर्ने जोखिम लिइरहनुभन्दा सहरजिस्ट्रारको पदमै नजाने र जिल्ला न्यायाधीशमा जाने क्रम बढेको तथ्यले गर्दा सक्षम व्यक्तिलाई संस्थामा टीकाइरहनु चुनौतिपूर्ण देखिएको छ। कमजोर न्यायप्रशासनका कारण समग्र न्यायपालिकामा क्षति हुन नपाओस र विगतमा भएका नियुक्ति, वरियता एवम् खटनपटनका सवालका अतिरिक्त सापेक्षित विवाद

रामशाहपथ, काठमाडौं, फोन नं. ..................., फ्याक्स नं. ...................., Email: judicial

द.नं. ४०८/०६५/६६
जि.प्र.का. काठमाडौं।

# न्यायपालिका अधिकृत समाज
# JUDICIAL OFFICER'S SOCIETY

तदर्थ समिति

अध्यक्ष
श्री बाबुराम दाहाल
९८५१०८४४१०

उपाध्यक्ष
श्री मुना अधिकारी ढकाल
९८४१३२२८००

महासचिव
श्री अशोककुमार क्षेत्री
९८४१३५७७१४

सचिव
श्री विष्णुप्रसाद पाण्डेय
९८५११५६७२०

कोषाध्यक्ष
श्री श्रीदीप वाग्ले
९८५५०८०१००

सदस्यहरु:
श्री तारादत्त बडु
९८४८७३५९७१
श्री भेषराज कोइराला
९८४१३२४५९९
कालीबहादुर साम्पू लिम्बु
९८४१०९३७५८
श्री संजीव ढकाल
९८४९७८३४५६
श्री रेवतीप्रसाद पराजुली
९८४१५११६४८
श्री पुण्यराज तिमल्सिना
९८५१०३८१७५
श्री दुर्गादत्त लम्साल
९८४१५७५७३१
श्री कुसुम थापा
९८६०५४१८८८

समाधानका इतिहासमा न्याय परिषदले निर्णय गर्दै र कानून वमोजिम हुदै आएको तथ्य सतहमा ल्याउनुपरेको छ।

कानूनको शासन, सार्वजनिक सरोकार, संस्थागत आवश्यकता, गौरवपुर्ण इतिहाससमेतका आधारमा योग्यतामा आधारित कर्मचारीतन्त्रको यथोचित सम्बोधन हुने गरी योग्यता पुगेका जो कसैलाई सर्वोच्च अदालतमा योगदानको अवसर प्रदान गर्न र संवैधानिक तथा कानूनी अधिकारसम्पन्न सार्वभौम नागरिक मात्रले प्रवेस पाउने स्थायी सरकारको उम्दा प्रतिनिधि अर्थात आफ्नै तिक्ष्ण सहपाठीको संवैधानिक किटान गरिएको वैद्य अपेक्षा, पेशागत हकहित एवम् सरोकारमा कानून विपरित गरी अनावश्यक कुनै भ्रम नफैलाउन अनुरोध गर्दै हाम्रो मर्यादालाई कमजोर मानी वृत्तिविकासमा प्रतिकूल असर पर्ने अवस्था ल्याउनेहरु नै सबै अवस्थाको जिम्मेवार हुनुपर्नेछ।

तसर्थ, विधि प्रक्रियाको अनुसरण नगरी सर्वोच्च अदालतको फैसला एवम् विधिपूर्वक अस्तित्वमा रहेका नियमावली समेतको संवैधानिक एवं कानूनी मार्गवाट उपचार नखोजी जवर्जस्ती असंवैधानिक घोषित गरी खारेजीको माग गरी आन्दोलन गर्ने कार्यले निम्ताउन सक्ने प्रत्युत्पादक प्रभावको जिम्मेवारी स्वंय नेपाल वार एशोसिएसनले नै लिनुपर्ने हुन्छ।

२०७१/०४/२९/६
(अशोककुमार क्षेत्री)
महासचिव

२०७१/०४/२९/६
(बाबुराम दाहाल)
अध्यक्ष

रामशाहपथ, काठमाडौं, फोन नं. ......................, फ्याक्स नं. ........................, Email: judicial.officerssociety@gmail.com